## बैठक नं. ६

आज मिति २०७९ साउन १३ गते शुक्रवार दिनको २:०० बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री राजकुमार नकर्मीज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री राजकुमार नकर्मी | [signature] |
| २ | सदस्य, उपप्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | [signature] |
| ३ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हिरालाल महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा न. २ | ई. श्री रुपेश महर्जन | [signature] |
| ५ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री सुबिन्द्र महर्जन | [signature] |
| ६ | सदस्य, का.वा.अध्यक्ष वडा न. ४ | श्री दिनेश चन्द्र दाहाल | [signature] |
| ७ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | [signature] |
| ८ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री खीरमान सिंह बस्नेत(पृथ्वी) | [signature] |
| ९ | सदस्य, अध्यक्ष वडा न. ७ | श्री दिवाकर अधिकारी | [signature] |
| १० | सदस्य, अध्यक्ष वडा न. ८ | श्री सानु मैया महर्जन | [signature] |
| ११ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री दिनेश श्रेष्ठ | [signature] |
| १२ | सदस्य, अध्यक्ष वडा न. १० | श्री नरेश महर्जन | [signature] |
| १३ | सदस्य | श्री हरेराम बोगटी | [signature] |
| १४ | सदस्य | श्री जमुना महर्जन | [signature] |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | [signature] |
| १६ | सदस्य | श्री विमला थापा( कार्की) | [signature] |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | [signature] |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | [signature] |
| १९ | सदस्य | श्री सुजाता सुनाम | [signature] |
| २० | सदस्य | श्री श्याम दानकोटी | |
| २१ | सदस्य सचिव | श्री राजेन्द्र कार्की | [signature] |

Scanned with CamScanner

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
|---|---|---|---|
| १ | उप सचिव, शिक्षा शाखा प्रमुख | श्री टंकलाल गैरे | |
| २ | लेखा अधिकृत | श्री प्रविन कुमार शाही | |
| ३ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ४ | ईन्जिनियर, नक्सा शाखा प्रमुख | श्री सुरज ओझा | |
| ५ | सूचना प्रविधि अधिकृत | श्री परशुराम चौलागाई | |
| ६ | नगर प्रमुखको सचिवालय | श्री राजकपुर श्रेष्ठ | |

**विषयवस्तुहरु**

१) पूर्वाधार निर्माणमा ल्याबटेस्ट र सोयल टेस्ट बिधि अबलम्बन सम्बन्धमा
२) कर्मचारी व्यवस्थापन तथा करार सेवामा पदपूर्ती सम्बन्धमा
३) नगर खेलकुद संचालन कार्यविधि संशोधन सम्बन्धमा
४) कीर्तिपुर अस्पतालबाट ५० प्रतिशत छुटमा उपचार सेवा लिने सम्बन्धमा
५) एक घर एक स्नातक सम्बन्धमा
६) ढल्पा सल्यानस्थान जग्गा एकीकरण सम्बन्धमा
७) विभिन्न समितिहरुलाई पूर्णता दिने सम्बन्धमा
८) विविध ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ का सम्बन्धमा चालु आ.व. २०७९/८० देखि ठेक्कापट्टा बिधिबाट नगरपालिका मार्फत सञ्चालन हुने पूर्वाधार निर्माणमा गुणस्तर कायम गर्नका लागि निर्माण सामग्रीहरुको ल्याबटेस्ट र भवन निर्माण कार्यमा सोयल टेस्ट गरेर मात्र निर्माण कार्य अघि बढाउने निर्णय गरियो । साथै, कन्टेन्जेन्सी र मु.अ.क. सहित रु. ३० लाख सम्मका योजना मात्र उपभोक्ता समितिबाट सञ्चालनमा ल्याउने र उपभोक्ता समितिले लागत अनुमानमा स्वीकृत भएदेखि बाहेक हेभि ईक्युपमेन्ट प्रयोग गर्नुपर्ने योजना सञ्चालन गर्न नपाउने समेत निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ का सम्बन्धमा वडा नं. १ देखि १० सम्म खटिएका प्राविधिक कर्मचारीहरुलाई योजना र नक्सा दुबै कामको जिम्मेवारी तोकी कार्यसम्पादन गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

"कीर्तिपुर नगरपालिकामा करारमा प्राविधिक तथा परियोजनामा कर्मचारी र सामाजिक परिचालक व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६" को अधीनमा रही तपशिल बमोजिमका पद र तहमा करारमा पदपूर्ती प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

क) कानुन अधिकृत, छैठौं तह — १ जना
ख) अमिन, चौथो तह — १ जना
ग) ल्याव टेक्निसियन, पाँचौ तह - ३ जना

Scanned with CamScanner

घ) महिला उद्यमी फोकल पर्सन, पाँचौं तह — १ जना

ङ) नगर प्रहरी जवान, श्रेणीविहिन - ६ जना (कम्तीमा २ जना महिला सहित)

च) लोडर अपरेटर, श्रेणीविहिन — १ जना

छ) रोलर अपरेटर, श्रेणीविहिन — १ जना

ज) कुचीकार (सफाई कर्मचारी), श्रेणीविहिन - १० जना (सेवा करारबाट)

निर्णय नं. ४

प्रस्ताव नं. ३ का सम्बन्धमा नगर खेलकुद सञ्चालन कार्यविधि, २०७५ लाई तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| सि.न. | कार्यविधिमा भएको व्यहोरा | संशोधन गर्नु पर्ने व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | परिच्छेद ३ को दफा ४ मा<br><br>४.नगरपालिकाले देहाय बमोजिमका पदाधिकारी रहने गरि एक नगर खेलकुद समिति गठन गर्न सक्नेछ ।<br><br>क) कीर्तिपुर नगरपालिका युवा तथा खेलकुद विकास समितिको संयोजक — अध्यक्ष<br>ख) युवा तथा खेलकुद विकास समितिका सदस्यहरु — सदस्य<br>ग) नगरपालिकाको प्रत्येक वडाबाट नगरपालिकाले मनोनयन गरेका १० जना — सदस्य<br>घ) नगर प्रमुखले तोकेका कर्मचारी — सदस्य सचिव | परिच्छेद ३ को दफा ४<br><br>"४. नगरपालिकाले देहाय बमोजिमका पदाधिकारी रहने गरि एक नगर खेलकुद समिति गठन गर्न सक्नेछ ।<br><br>क) नगर प्रमुख — संयोजक<br>ख) उप प्रमुख - सदस्य<br>ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य<br>घ) नगर प्रमुखद्वारा मनोनित खेलक्षेत्र सम्वद्ध क्लब, संघ संस्थाका व्यक्तिहरु मध्येबाट प्रत्येक वडाबाट १/१ जना — सदस्य<br>ङ) नगर प्रमुखद्वारा मनोनित नगर भित्रका खेलक्षेत्र सम्वद्ध व्यक्तिहरु मध्येबाट ५ जना — सदस्य<br>च) नगर प्रमुखद्वारा मनोनित सामजिक एवं शैक्षिक क्षेत्रका व्यक्तिहरु मध्येबाट २ जना — सदस्य<br>छ) सामाजिक विकास शाखा प्रमुख — सदस्य सचिव<br>" | परिच्छेद ३ को दफा ४ मा पुरानो दफालाई हटाई थप गरिएको |
| २ | परिच्छेद ३ को दफा ४.क थप गरिएको | " ४.क नगरपालिकाले देहाय बमोजिमका पदाधिकारी रहने गरि एक वडा स्तरीय खेलकुद समिति गठन गर्न सक्नेछ ।<br><br>क) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक<br>ख) वडा समितिद्वारा मनोनित खेलक्षेत्र सम्वद्ध क्लब, संघ संस्थाका व्यक्तिहरु मध्येबाट ५ जना — सदस्य<br>ग) वडा समितिद्वारा मनोनित सामजिक एवं शैक्षिक क्षेत्रका व्यक्तिहरु मध्येबाट २ जना — सदस्य<br>घ) सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव<br>" | वडा स्तरीय खेलकुद समिति गठन गरिएको |

Scanned with CamScanner

निर्णय नं. ५

प्रस्ताव नं. ४ का सम्बन्धमा कीर्तिपुर नगरका स्थायी बासिन्दाहरुको स्वास्थ्य उपचारमा कीर्तिपुर अस्पतालमा ५० % छुटका विषयमा आजसम्म नगरपालिका र अस्पताल बिच बिभिन्न चरणमा भएका छलफल / बैठकका विषयमा बैठकलाई जानकारी भयो, र सो सम्बन्धमा छिटो भन्दा छिटो अन्तिम टुंगो लगाई स्वास्थ्य उपचारमा ५०% छुटको सुनिश्चितता गर्न नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ५ का सम्बन्धमा नगरपालिकाको "एक घर एक स्नातक" कार्यक्रम अन्तरगत कीर्तिपुर नगरका स्थायी बासिन्दाहरुलाई नगर क्षेत्रभित्र सञ्चालनमा रहेका स्थानीय सामुदायिक क्याम्पसहरुमा विभिन्न संकायमा स्नातक तह निःशुल्क अध्ययनका लागि नगरपालिकाबाट छात्रवृत्तीको प्रबन्ध मिलाउने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ६ का सम्बन्धमा कीर्तिपुर ढल्पा — सल्यानस्थान जग्गा एकिकरण आयोजनाको विषयमा वडा नं. ४ का वडा अध्यक्ष श्री श्यामकुमार अधिकारीको संयोजकत्वमा गठित कार्यदललाई धन्यवाद ज्ञापन गर्दै उक्त समितिले अध्ययन गरि पेश गरेको प्रतिवेदन बैठकमा छलफल भै अवगत भयो । सो सम्बन्धमा नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा शहरी विकास मापदण्ड, २०७७ को कडाईका साथ पालना हुने गरि उक्त आयोजना फुकुवा गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ७ का सम्वन्धमा तपशिल बमोजिमका समितिहरु गठन गरी समितिलाई पूर्णता दिने निर्णय गरियो ।

| | |
|---|---|
| १) भौतिक पुर्वाधार समिति | |
| संयोजक | राजेन्द्र महर्जन (५ नं. वडा अध्यक्ष) |
| सदस्य | कान्छा महर्जन |
| सदस्य | अनिल बास्कोटा |
| सदस्य | प्रमिला सुनाम |
| सदस्य सचिव | योजना तथा प्राविधिक शाखा प्रमुख |
| २) विधायन समिति | |
| संयोजक | दिवाकर अधिकारी (७ नं. वडा अध्यक्ष) |
| सदस्य | दिनेश चन्द्र दाहाल |
| सदस्य | सुदन महर्जन |
| सदस्य | रामदेवी महर्जन |
| सदस्य सचिव | कानुन शाखा प्रमुख |
| ३) लेखा समिति | |
| संयोजक | श्याम कुमार अधिकारी (४ नं. वडा अध्यक्ष) |
| सदस्य | सुनिल सुवाल |

Scanned with CamScanner

| | |
|---|---|
| सदस्य | अशोक महर्जन |
| सदस्य | दुर्गा रम्तेल |
| सदस्य सचिव | आन्तरिक लेखा परीक्षण शाखा प्रमुख |
| ४) आर्थिक विकास समिति | |
| संयोजक | सुबिन्द्र महर्जन (३ नं. वडा अध्यक्ष) |
| सदस्य | दिल बहादुर महर्जन |
| सदस्य | राम कुमार महर्जन |
| सदस्य | सरस्वती ज्ञवाली |
| सदस्य सचिव | राजश्व शाखा प्रमुख |
| ५) सामाजिक बिकास समिति | |
| संयोजक | सानुमैया महर्जन (८ नं. वडा अध्यक्ष) |
| सदस्य | हरेराम महर्जन |
| सदस्य | बिनोद के सी |
| सदस्य | उमा महर्जन |
| सदस्य सचिव | स्वास्थ्य शाखा प्रमुख |
| ६) वन, वातावरण, बिपद व्यवस्थापन समिति | |
| संयोजक | हिरालाल महर्जन (१ नं. वडा अध्यक्ष) |
| सदस्य | नन्दलाल महर्जन |
| सदस्य | नेत्र बहादुर भट्टराई |
| सदस्य | मानदेवी महर्जन |
| सदस्य सचिव | विपद् व्यवस्थापन शाखा प्रमुख |
| ७) संस्कृती तथा पर्यटन समिति | |
| संयोजक | नरेश महर्जन (१० नं. वडा अध्यक्ष) |
| सदस्य | सिजन महर्जन |
| सदस्य | दिल कुमार शाही |
| सदस्य | सहनशिला महर्जन |
| सदस्य सचिव | सामाजिक विकास शाखा प्रमुख |
| ८) संस्थागत तथा सुशासन समिति | |
| संयोजक | दिनेश श्रेष्ठ (९ नं. वडा अध्यक्ष) |
| सदस्य | रजित महर्जन |
| सदस्य | दुर्गा लाल माली |
| सदस्य | मन्जु परियार |
| सदस्य सचिव | प्रशासन शाखा प्रमुख |
| ९) नगर शिक्षा समिति | |
| संयोजक | नगर प्रमुख श्री राजकुमार नकर्मी |
| सदस्य | प्रा. डा. राम कृष्ण महर्जन |
| सदस्य | प्रा. डा. धर्मराज डंगोल |
| सदस्य | श्री शान्त भक्त महर्जन (वि. व्य. अ.) |
| सदस्य | श्री दिनेश श्रेष्ठ (९ नं. वडा अध्यक्ष) |

Scanned with CamScanner

| | |
|---|---|
| सदस्य | श्री सुजाता सुनाम (कार्यपालिका सदस्य) |
| सदस्य | श्री बद्री खनाल |
| सदस्य | श्री पुष्प सिं थापामगर (सा.वि.प्र.अ.) |
| सदस्य | श्री श्याम सुन्दर महर्जन (सा.शै.गु.प्र.अ.) |
| सदस्य | श्री रवि भण्डारी (प्याब्सन नगर अध्यक्ष) |
| सदस्य | श्री राजेन महर्जन |
| सदस्य | श्री सरला प्रधान |
| सदस्य सचिव | शिक्षा शाखा प्रमुख |

निर्णय नं. ९

भू-उपयोग ऐन, २०७६ तथा नियमावली २०७९ बमोजिम स्थानीय भू – उपयोग परिषद् सम्बन्धी यस पालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण तथा नक्सांकन गरि जग्गा वर्गिकरण गर्नका लागि स्थानीय भू- उपयोग परिषद्को अधिकार सहित नगरप्रमुख ज्यूको संयोजकत्वमा समिति गठन भएकोमा सो समितिबाट यस बैठकमा प्रतिवेदन पेश भई प्रतिवेदन माथी बैठकमा छलफल भै अवगत भयो । सो सम्बन्धमा समितिबाट पेश हुन आएबमोजिम कीर्तिपुर नगरपालिका क्षेत्रभित्र रहेका कृषि क्षेत्रमा बर्गिकृत जग्गालाई गैर कृषि क्षेत्रमा बर्गिकरण गरी सो को जानकारी सम्वन्धित निकायहरुमा कार्यान्वयनका लागि पठाउने निर्णय गरियो ।

निर्णय नं. १०

५ नं. वडा कार्यालयको मिति २०७९/०४/१२ प.स. २०७९/८० च.न. १३३ को पत्रबाट सो वडामा रहेको विष्णुदेवी अस्पतालको नाममा कलंकी काठमाण्डौमा दर्ता कायम रहेको जग्गा बाल कुमारी स्वास्थ्य चौकीको नाममा नामसारीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

यस नगरपालिकामा सञ्चालन भई अल्या भएका गत आर्थिक वर्षका योजनाहरु २०७९ असोज मसान्तभित्र सम्पन्न गरिसक्न र सो समयसम्ममा पनि सम्पन्न हुन नसकेमा कार्यसम्पन्न भएको जतिमात्र कामको प्राविधिक मुल्यांकन गर्ने र योजना राफसाफ गर्ने सो का लागि सरोकारवाला पक्षहरुलाफ तत्काल सूचना गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

यस नगरपालिकाको ६ नं. वडा कार्यालयमा कार्यरत का.स. स्व. श्री भाईराम महर्जन कार्यलयको काममा रहेको अवश्थामा आकष्मिक रुपमा अस्वस्थ्य भई अस्पतालमा उपचारको क्रममा निधन भएको र निजका छोरा रामचन्द्र महर्जनले उँहाको उपचारमा खर्च भएको औषधी उपचारको रकम रु. २,९५,०००/- माग गरि निवेदन पेश हुन आएकोमा पेश भएका बिल भर्पाई रुजु गरि माग गरेको रकममा नबढ्ने गरि मृतकका परिवारलाई उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner